# स्थानीय राजपत्र

हुप्सेकोट गाउँपालिकाद्धारा प्रकाशित

खण्डः (८), असार ३० गते, २०८२ साल संख्याः १


# भाग २

## हुप्सेकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,

## झ्यालबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व),

## गण्डकी प्रदेश, नेपाल

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिमको अधिकार प्रयोग गरि हुप्सेकोट गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको तल लेखिए बमोजिम निर्देशिका सार्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# हुप्सेकोट गाउँपालिकाको गान सम्बन्धी निर्देशिका, २०८२

# हुप्सेकोट गाउँपालिकाको गान सम्बन्धी निर्देशिका, २०८२

**प्रस्तावनाः** हुप्सेकोट गाउँपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को औपचारिक कार्यक्रम तथा सभा सम्मेलनमा प्रयोग गरिने गानलाई व्यवस्थित र मर्यादित बनाउन तथा एकरुपता कायम गर्न बाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिमको अधिकार प्रयोग गरि हुप्सेकोट गाउँसभाको सातौ अधिवेशनले यो निर्देशिका बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**-(१) यस निर्देशिकाको नाम "हुप्सेकोट गाउँपालिका गान प्रयोग सम्बन्धी निर्देशिका, २०८२" रहेको छ।

(२) यो निर्देशिका राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः**- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) "गाउँपालिका" भन्नाले हुप्सेकोट गाउँपालिकालाई सम्झनु पर्दछ।

ख) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हुप्सेकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

ग) "गाउँपालिका गान" भन्नाले अनुसुची-१ मा उल्लेख भए बमोजिमको गान सम्झनुपर्दछ।

घ) "शाखा" भन्नाले हुप्सेकोट गाउँकार्यपालिकाको कार्यालय अन्तरगतका शाखा सम्झनुपर्दछ।

## परिच्छेद २
## गाउँपालिका गान सम्बन्धी व्यवस्था

३. **गाउँपालिका गानको प्रयोगः-**

(१) गाउँपालिका अन्तर्गत हुने उत्सव, औपचारिक कार्यक्रम, विद्यार्थी प्रार्थना, विद्यालयको वार्षिकोत्सव र खेलकुद समारोहमा नेपालको राष्ट्रिय गान लगत्तै गाउँपालिका गानको प्रयोग अनिवार्य रुपमा गर्नुपर्नेछ।

४. **गाउँपालिका गानको प्रयोगको समय र विधिः-** दफा ३ बमोजिम गाउँपालिका गानको प्रयोग गर्दा सहभागी सबैले सतर्क अवस्थामा उभिएर शिर ठाडो पारी उच्च र उल्लासपूर्ण आवाजमा गाउँपालिका गान गाउनु पर्नेछ।

५. **गाउँपालिका गानको प्रयोगमा निषेधः-** गाउँपालिका गानको अपमान हुने गरि र असान्दर्भिक तवरले प्रयोग गर्न निषेध गरिएको छ।

६. **गाउँपालिका गान प्रयोगको अनुगमनः-** हुप्सेकोट गाउँकार्यपालिकाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, प्रशासन शाखा, शिक्षा, युवा तथा खेलकुद शाखा र सम्बन्धीत विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुले गाउँपालिका गानको प्रयोग भए/नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन गरि आवश्यक निर्देशन दिन सक्नेछ। त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धीत निकायको कर्तव्य हुनेछ।

७. **संशोधन र व्याख्याः** यस निर्देशिकाको संशोधन तथा व्याख्या गर्ने अधिकार हुप्सेकोट गाउँकार्यपालिकामा निहित रहनेछ।

हुप्सेकोट गाउँपालिका

**अनुसुची-१**

**(दफा ५ सँग सम्बन्धित)**

**हुप्सेकोट गान**

हुप्सेकोट गाँउपालिका हाम्रो गौरव हाम्रो सान
महाभारत चुरे-तराई प्रकृतिको हो यो वरदान
हामीलाई स्वर्गकै लाग्छ भान
हाम्रो हुप्सेकोटलाई गर्छौं सम्मान
हाम्रो कृष्ण ढुङ्गालाई गर्छौं सम्मान
फूलैफूलको बगैचा झै विविध जातजाती
भाजन, कौरा, नाचन, घाँटु संस्कृती छन् कती
भाषा, धर्म फरक फरक मिलेकै छन् अति
धौवादीको फलाम खानी यहाँ चौडा हुन्छ छाती
हामीलाई स्वर्गकै लाग्छ भान
हाम्रो दरबार थुम्कालाई गर्छौं सम्मान
हाम्रो तिन दोभानलाई गर्छौं सम्मान
घोरल, वंदेल, मृग, पंक्षी यहि बनमा बास
धान, गहुँ, कोदो, फापर फलफुलको रस
शिर पोखरी, शान्ति पार्क पट्वाधाप यहाँ
झरना खोला, थुम्किदेवी छोडौंला र कहाँ
हामीलाई स्वर्गकै लाग्छ भान
रुद्रपुर गढीलाई गर्छौं सम्मान
हाम्रो जन्म भुमिलाई गर्छौं सम्मान
हाम्रो हुप्सेकोटलाई गर्छौं सम्मान।

गाउँसभाबाट स्वीकृत मितिः- २०८२/०३/३०
प्रमाणिकरण मितिः- २०८२/०४/०१
प्रकाशित मितिः- २०८२/०४/०१

**आज्ञाले,**
**हरि प्रसाद पराजुली**
**प्रमुख प्रशासकीय अधिकृत**



हुप्सेकोट गाउँपालिका